# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३९) काठमाडौं, वैशाख १२ गते २०४६ साल (संख्या २

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले आयकर ऐन, २०३१ को दफा ४० को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी विदेशी सप्लायर्स, फर्म, कम्पनी वा व्यक्तिको स्थानीय एजेण्ट वा प्रतिनिधि भई कमिशन आय आर्जन गर्ने करदाताहरूमध्ये सम्बन्धित कर कार्यालयका कार्यालय प्रमुखले तोकी दिएका करदाताहरूको खुद आय निर्धारण गर्न देहायबमोजिमको आय निर्धारण समिति गठन गरेको छ ।

१. <u>समितिको गठनविधिः</u>

(क) प्रमुख कर अधिकृत, श्री नारायण सिलवाल — अध्यक्ष

(ख) भन्सार कार्यालयहरू भएको जिल्लामा स्थानीय भन्सार कार्यालयका कार्यालय प्रमुख वा भन्सार अधिकृत तर वागमती अञ्चलमा रहेको कर कार्यालयहरूको हकमा भन्सार विभागबाट तोकेको भन्सार विभागको उप-निर्देशक — सदस्य

(ग) सम्बन्धित कर कार्यालयका कार्यालय प्रमुख — सदस्य

(घ) अर्थ मन्त्रालय, राजश्व अनुसन्धान महाशाखाको प्रतिनिधि (उप-सचिवस्तरको) — सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. समितिको कार्यावधि:

समितिको कार्यावधि २०४६ साल वैशाखदेखि २०४६ साल आश्विन मसान्त रहनेछ।

३. आय निर्धारण गर्ने आधार:

समितिले कुनै करदाताको आय निर्धारण गर्दा आयकर ऐन, २०३१ तथा आयकर नियमावली, २०३९ मा रहेका आधारहरूमध्ये कुनै वा सबै आधारहरू लिन सक्नेछ ।

४. अन्य व्यवस्था:

(क) समितिले आवश्यकतानुसार कुनै पनि जिल्लामा गई आफ्नो कार्य सम्पन्न गर्न सक्नेछ ।

(ख) समितिले आफ्नो कार्य सम्पादनको सिलसिलामा प्रशासकीय कार्यको लागि कुनै अधिकृतलाई समितिको सचिव तोक्न सक्नेछ ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८